नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

# बीउ उत्पादक समुह/सहकारी तथा बीउ बिजन कम्पनीहरु सुचिकृत हुनका लागि सूचना।

सूचना नं. ३०/२०७९/८०

प्रथम पटक प्रकाशित मिति:२०७९/१२/२९

यस एकाइको चालु आ.व. ०७९/८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार रुपन्देही र नवलपरासी (ब.सु.प.) मा धान बालीको मसिनो तथा बासनादार क्षेत्र विस्तार र गहुँ जोन प्रभाव क्षेत्रमा मसिना धानको क्षेत्रफल विस्तार कार्यक्रमको अनुदानको लागि छनौट हुने कृषक समुह/सहकारी/कृषि उद्यमी/वन तथा जल उपभोक्ता समितिहरुलाई गुणस्तरीय उन्नत मसिना तथा बासनादार धानको बीउ आपुर्तिको लागि इच्छुक बीउ उत्पादक समुह/सहकारी तथा बीउ बिजन कम्पनीहरुले निम्न आवश्यक कागजात सहित मिति २०८० बैसाख १३ गते भित्र यस कार्यालयमा सुचिकृत हुन यो सूचना प्रकाशन गरिएको छ।

<u>तपशिल</u>

१. सुचिकृतको लागि रु १० को टिकट टाँस गरेको निवेदन
२. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि
३. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपि
४. आ. व. २०७९/८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
५. बीउ उत्पादन अनुमति प्रमाण पत्रको प्रतिलिपि
६. मसिना तथा बासनदार धानको उन्नत बीउ उत्पादनको लागि प्रयोग गरेको स्रोत बीउको विवरण (बीउको स्रोत)
७. बीउ व्यवसायी संचालन अनुमति पत्रको प्रतिलिपि
८. बीउ बाली निरीक्षण प्रतिवेदन
९. बीउ परीक्षण (उमारशक्ति, शुद्धता र चिस्यान प्रतिशत) को प्रतिवेदन
९. टयाग गरेको यथार्थ सङ्केतपत्रको विवरण
१०. संस्थामा रहेका मसिना तथा बासनादार धानको उन्नत बीउको जात र परिमाण खुल्ने विवरण
११. उन्नत मसिना तथा बासनादार धानको बीउको छुट्टा छुट्टै बिक्री गर्ने न्यूनतम मूल्य

नोटः सम्पूर्ण कागजात सहित कार्यालयमा सुचिकृत भई स्वीकृत भएका बीउ उत्पादक समुह/सहकारी तथा बीउ बिजन कम्पनीहरुले मात्र स्वीकृत अनुदानग्राहीलाई बीउ आपुर्तिमा सहभागी हुन पाउनेछन्।

थप जानकारीको लागि परियोजनाको Website:piurupandehi.pmamp.gov.np फोन नं. ०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७,९८५७०१७३८१, ९८६७१५५६७४ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।